(Notice no: NSTB/NVQS/MOSD-Lumbini-01)

**प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् (CTEVT)**
**लुम्बिनी प्रदेश, बुटवल-१२, नयाँगाउँ,रुपन्देही**

सामाजिक विकास मन्त्रालय
लुम्बिनी प्रदेश

# सीप परीक्षणको आवेदन आहवान सम्बन्धी संशोधित सूचना

**सूचना प्रकाशित मिति २०८०/१०/०४**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, राष्ट्रिय सीप परीक्षण समिति (National Skill Testing Board-NSTB) बाट स्वीकृत राष्ट्रिय व्यवसायगत सीप प्रमाणिका अनुसार लुम्बिनी प्रदेश सरकार सामाजिक विकास मन्त्रालय / नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजनाको तर्फबाट, सहुलियत शुल्कमा सञ्चालन हुने **पूर्व सिकाईको मान्यता** (Recognition of Prior Learning-RPL) विधिद्वारा **भौचर प्रणालीमा आधारित सीप परीक्षणमा** सहभागी हुन चाहने **स्वदेशमा/ वैदेशिक रोजगारको अनुभव** प्राप्त नेपाली नागरिकहरूबाट आफूलाई पायक पर्ने तपसिल बमोजिमका सीप परीक्षण केन्द्रमा आवेदन फारम पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल:**

**क) फारम सङ्कलन केन्द्र, परीक्षण हुने व्यवसाय र तह:**

| क्र. स. | आवेदन फारम सङ्कलन/ सीप परीक्षण केन्द्रहरू | सम्पर्क न. | व्यवसाय | तह |
|---|---|---|---|---|
| १. | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, लुम्बिनी प्रदेश, बुटवल-१२, नयाँगाउँ,रुपन्देही | ०७१-४२२०७१<br>९८५७०४४०१८ | गार्मेन्ट फेब्रिकेटर | १ |
| | | | बिल्डिङ्ग पेन्टर | २ |
| | | | टायल एण्ड मार्बल फिक्सर | १ |
| २. | भेरी प्राविधिक शिक्षालय नेपालगंज, बाँके । | ०८१-५३५१३१<br>९८५८०३०२५०<br>९८५८०२०८३५<br>९८५८०२०८३८ | कन्स्ट्रक्सन मेसन | २ |
| | | | प्लम्बर | २ |
| | | | वेल्डर | २ |
| ३. | राप्ती प्राविधिक शिक्षालय गोवरडिहा, दाङ्ग । | ९८६७१००९९३ | कन्स्ट्रक्सन मेसन | २ |
| ४. | कोरिया नेपाल बहुप्राविधिक शिक्षालय, तामनगर, रुपन्देही । | ९८४७५९१२८७<br>९८५७०७०७५४ | वेल्डर | २ |
| ५. | वेस्टर्न नेपाल कलेज अफ इन्जिनियरिङ्ग, तुलसीपुर, दाङ्ग । | ०८२- ५२०८४०<br>९८५७८२४५९८ | कन्स्ट्रक्सन मेसन | २ |

CTEVT Lumbini Province

| | | | | |
|---|---|---|---|---|
| ६. | जयन टेक्निकल कलेज अफ टेक्नोलोजी, बुटवल, रुपन्देही । | ०७१-५३५९०३<br>९८५७०३०१०२<br>९८१३०४०८२१<br>९८५१२३०१०२ | प्लम्बर | २ |
| | | | कन्स्ट्रक्सन मेसन | २ |

**ख) <u>आवेदनको लागि न्यूनतम योग्यता:</u>**

| | |
|---|---|
| **तह १ को लागि** | सम्बन्धित व्यवसायको ज्ञान र सीप भई सम्बन्धित पेशामा कम्तीमा १ वर्षको कार्य अनुभव भएको, |
| **तह २ को लागि** | सम्बन्धित व्यवसायको ज्ञान र सीप भई सम्बन्धित पेशामा कम्तीमा ३ वर्षको कार्य अनुभव भएको,<br>**वा**<br>सम्बन्धित व्यवसायमा तह १ को सीप परीक्षण उतीर्ण भई सम्बन्धित पेशा मा १ वर्षको कार्य अनुभव भएको, |

**ग) <u>आवेदन तथा रजिस्ट्रेसन शुल्क:</u> रु.२७०/- (आवेदकले व्यहोर्नु पर्ने)**

**घ) <u>सीप परीक्षणमा सहभागीले आवेदन फारम भर्दा पालना गर्नु पर्ने सर्तहरू:</u>**

१) यस सूचना तथा आवेदन फारम सामाजिक विकास मन्त्रालयको लुम्बिनी प्रदेशको वेबसाइट https://mosd.lumbini.gov.np वा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT) को वेभसाइट *https://ctevt.org.np/documents/aa-aa-b-lb* बाट डाउनलोड गर्न तथा तोकिएको केन्द्रहरूबाट प्राप्त गर्न सकिनेछ ।

२) आवेदन फारम तोकिएको केन्द्रमा मिति २०८०।११।०३ गते भित्र बुझाउनु पर्नेछ । आवेदन फारम बुझाउने अन्तिम दिन बिदा परेमा सो को भोलि पल्ट सम्म बुझाउन सकिनेछ ।

३) आवेदन फारमको साथ पासपोर्ट साइजको हालसालै खिचिएको एकै किसिमको फोटो २ प्रति, नागरिकता प्रमाण पत्रको प्रतिलिपि र अनुभवको प्रमाणपत्र (अनुभवको प्रमाणपत्रको हकमा नेपाल सरकार, वा अर्ध सरकारी संस्था वा नेपाल सरकारमा दर्ता VAT/PAN नम्बर प्राप्त निजी रोजगारदाता संस्था/उद्योग/व्यवसायीले सम्बन्धित पेशा /व्यवसायमा काम गरेको वा गरिरहेको स्पष्ट खुलाइएको अवधि सहितको प्रमाणपत्र वा पत्रको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ । अनुभव १६ वर्ष उमेर पछिको मात्र मान्य हुनेछ ।

४) स्थानीय स्तरमा स्वरोजगार भई कार्य अनुभव भएका व्यक्तिले अनुभवको प्रमाणपत्रको हकमा आफू कार्यरत वडा कार्यालयको सिफारिस पत्र पेश गर्न सक्नेछन् ।

५) वैदेशिक रोजगारबाट फर्केका व्यक्तिले आवेदन फारम भर्दा सीप परीक्षण गर्नुपर्ने पेशाको विदेशमा गरेको कामको अनुभव पत्र (अङ्ग्रेजीमा अनुवादित गरिएको प्रति), पासपोर्ट र भिसाको प्रतिलिपी अनिवार्य पेश गर्नु पर्नेछ ।

६) तोकिएको समयभित्र दर्ता नभएका र रित नपुगेका आवेदन फारमहरू स्वतः रद्द हुनेछन् ।

CTEVT Lumbini Province

७) परामर्श सेवा तथा सीप परीक्षणको जानकारी SMS बाट समेत जानकारी गराइने छ । सीप परीक्षण आवेदन भरेकै केन्द्रबाट सहभागी आफै उपस्थित भई सीप परीक्षणको अघिल्लो दिन भित्र प्रवेश पत्र प्राप्त गर्न सकिनेछ । सम्पर्क मितिको भोलिपल्ट देखि नै सीप परीक्षण सञ्चालन हुन सक्नेछ ।

८) परामर्शकर्ताको सिफारिस अनुसार सीप परीक्षणका लागि तयार भएका आवेदकले मात्र भौचर (सीप परीक्षणमा लाग्ने सामाग्री तथा अन्य खर्च) प्राप्त गरी सीप परीक्षणमा सामेल हुन पाउने छन् ।

**९)** यस भन्दा पहिले सीप परीक्षणमा सहभागी भएका परीक्षार्थीहरूले पहिले सीप परीक्षणमा सहभागी हुँदाको रजिष्ट्रेशन नं. अनिवार्य रूपमा उल्लेख गर्नु पर्नेछ । **यसरी दोहोर्‍याएर सीप परीक्षण दिनेहरूले आवेदन फारमको माथि पुनः परीक्षण भन्ने कोठामा चिन्ह लगाउनु पर्ने छ ।**

१०) आवेदकले कुनै एक तह वा पेशामा मात्र आवेदन दिन पाउने छन् ।

११) तहगत राष्ट्रिय व्यवसायगत सीप प्रमाणिका (NOSS) मा भएका दक्षताका इकाईहरू मध्ये परीक्षार्थीले उत्तीर्ण गरेको दक्षताको इकाईको प्रमाण पत्र प्राप्त गर्न सक्नेछन् ।

१२) सीप परीक्षण आवेदन फारम सङ्कलन केन्द्रले आवेदन सङ्कलन गर्दा **आवश्यक कागजात पुगेको रुजु गरी (आवेदन फारम भर्ने अन्तिम मितिबाट पाँच दिन भित्र Online System बन्द हुने भएकाले**) उक्त अवधि भित्र अनलाइन फारम इन्ट्री गरी परिषद् प्रदेश कार्यालयबाट अन्तिम **रुजु भई सके पछि** इन्ट्री बापत प्रति फारम रु.७०/– का दरले कट्टा गरी बाँकी रकम जम्मा गर्ने केन्द्रको नाम र आवेदन संख्या स्पष्ट खुलाई प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् लुम्बिनी प्रदेशको नाममा रहेको **राष्ट्रिय बाणिज्य बैक लि., शाखा कार्यालय राजमार्ग बुटवल, चौराहा, च. हि. खाता नं. ३३६०१००००००३५२००१** मा रकम जम्मा गरी सक्कल भौचर स्क्यान कपि अपलोड गर्नु पर्नेछ ।

१३) यस सूचनामा उल्लेखित पेशा व्यवसायको सीप परीक्षण सम्बन्धित प्रमाणिकृत वा तोकिएको सीप परीक्षण केन्द्रमा सञ्चालन हुनेछ ।

**थप जानकारीको लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् लुम्बिनी प्रदेशको सम्पर्क नम्बर ९८५७०४४०१८ वा ०७१-४२२०७१ तथा नेपाल व्यावसायिक योग्यता प्रणाली, प्रदेश परियोजना सहयोग इकाईको सम्पर्क नम्बर ०८२-५९०५०८ मा सम्पर्क गर्न सकिने छ ।**

**निर्देशक**

CTEVT Lumbini Province